नेपाल सरकार
राष्ट्रिय योजना आयोग

मार्च २०१७

# नीति संक्षेपमा

प्रवृतिहरु र नीतिगत प्रभावहरु

# नेपालका जनसांख्यिक परिवर्तनहरु

रणनीतिक लगानीहरुसंगको साथमा जनसंख्याको आकार र उमेर संरचना र त्यस अनुरुप लगानी हुने हो भने त्यसले देशको आर्थिक र सामाजिक विकासमा सकारात्मक प्रभाव पार्न सक्दछ। नेपालको जनसांख्यिक संक्रमणले देशको विकासका लागि अद्‌वितीय अवसरहरू र चुनौतीहरू प्रस्तुत गर्दछन्।

## परिचय

नेपालको जनसांख्यिक परिवर्तन धैरै उल्लेखनिय छ। नेपालले मृत्युदर, प्रजननदर, र जनसंख्याको वृद्‌धिदरको गिरावट ल्याउनमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ (तालिका-१)। सबैभन्दा महत्वपूर्ण के छ भने नेपालले आर्थिक विकास न्युन रहेको समयमा जनसांख्यिक परिवर्तन हुनपुगेको हो। यी परिवर्तनहरु नेपालको विकासका महत्वपूर्ण उपलब्धिहरु हुनुको साथ-साथै आफैमा चुनौतीपूर्ण पनि छन्।

प्रजननदर र मृत्युदरमा आएको परिवर्तनले निश्चित समयको अन्तरपछि पुर्वानुमानित रुपमा वृद्‌ध जनसंख्या बढाउछ। बढ्‌दो वृद्‌ध जनसंख्याका कारण बृद्‌धि हुने परनिर्भरताको भारलाई न्युनीकरण गर्नकोलागि श्रमशक्तिको उत्पाकत्व बढाउन लक्षित लगानीनै उत्तम उपाय हुन्।  वृद्‌ध जनसंख्या बढ्नुको प्रभाव वृद्धावस्थाको सुरक्षा तथा संरक्षण गर्ने संस्थागत संयन्त्रहरु एवं सामाजिक संरचनाहरु प्रभावित हुन्छन जसले उत्पादक पुस्तालाई आफ्नै भविष्यमाथि लगानी गर्न उत्प्रेरित गर्छ।

ऐतिहासिक र समकालीन जनसंख्याको प्रजननदर र मृत्युदरको गिरावटमा देखिएको परिवर्तन र प्रवृति नै जनसांख्यिक संक्रमणका सिद्धान्तहरुका आधार हुन्। तीव्र गतिमा हुने प्रजननदरको गिरावटले द्रुत आर्थिक विकासकालागि नयां अवसरहरु प्रदान गर्छन भनेर हालका एसियाली संक्रमणहरुको अध्ययन गरिरहेका जनसंख्या विश्लेषकहरु र अर्थशास्त्रीहरु बताउंछन्। यसलाई जनसांख्यिक लाभांश भनिन्छ।


घट्‌दो परनिर्भरता दरबाट प्राप्त गर्न सकिने आर्थिक लाभहरु साधारणतया सिमित समयावधिको हुन्छन र यसकालागि रणनीतिक र उपयुक्त लगानीको आवश्यकता हुन्छ। यो सम्भावना तब बन्छ जब ठुलो जनसंख्याको समुह सक्रिय रुपमा कमाउने उमेरमा प्रवेश गर्छन जतिबेला उनीहरुमा आश्रित समुह, बालबालिका र वृद्‌ध दुबै, तुलनात्मक रुपमा कामकाजी उमेर समुहभन्दा थोरै हुन्छन्। यो न्युन आश्रित दरले भविष्यकोलागि लगानी गर्ने अवसर प्रदान गर्छ। सहि लगानी गर्ने हो भने यस जनसांख्यिक अवसरले व्यक्तिहरु र समाजको आर्थिक सम्भावनालाई रुपान्तरण गर्नसक्छ। स्वास्थ्य, पोषण, पानी, सरसफाई र स्वच्छता, शिक्षा, वाल संरक्षण, र सामाजिक संरक्षणमा रणनैतिक र समय-सापेक्ष लगानीले अनुकुल उमेर संरचनाबाट प्राप्त सम्भावनाको रुपान्तरण गर्नसक्छ ताकी मानव पुंजिलाई प्रवर्धन गर्न र वचत बढाउन सकियोस र यसबाट प्राप्त हुने लाभलाई भविष्यकोलागि लगानी गर्न सकियोस। हाम्रो विश्लेषणले नेपालको ऐतिहासिक र समकालीन जनसांख्यिक संक्रमणलाई तुलनात्मक दृष्टिकोणले हेर्छ, र द्रुत गतिमा वृद्‌ध उमेरतर्फ गैरहेको समाज र सिमित समयावधिको लागि उपलब्ध अवसरलाई देशले आफ्ना विकाशका लक्षहरु प्राप्त गर्न तयार हुनु पर्ने चुनौतीहरु औंल्याउछ। अन्य देशहरुसंग तुलना र भविष्यका प्रवृत्तिहरुको आंकलनगरी, भविष्यका चुनौतीहरुलाई सम्बोधन गर्ने उपयुक्त नीति एवं कार्यक्रम तय गर्न यस प्रतिवेदनले सहयोग पुर्याउने छ।

**तालिका १. नेपालको जनसांख्यिक संक्रमण**

| अवधि | कुल प्रजनन दर | कोरा मृत्यु दर | जन्मिदाको आयु |
|---|---|---|---|
| 1980-1985 | 5.62 | 16.9 | 48.34 |
| 1990-1995 | 4.97 | 11.6 | 56.44 |
| 2000-2005 | 3.64 | 7.8 | 64.06 |
| 2010-2015 | 2.32 | 6.5 | 69.01 |

श्रोत: वर्ल्ड पपुलेशन प्रसपेक्ट्स: २०१५ परिमार्जन

रेखाचित्र 1- 1980, 2015, र 2050 का लागि नेपालको उमेर पिरामिड




## औचित्य

सेप्टेम्बर सन् २०१६ मा राष्ट्रिय योजना आयोगसंगको सहकार्यमा युनिसेफ नेपालको कार्यालयले नेपालको जनसांख्यिक परिवर्तनहरु अध्ययन गर्नको लागि जनसंख्या परिषदलाई जिम्मा दियो। यस अध्ययनको उद्देश्य युनिसेफ नेपालको कार्यालयले सन् २०१५ मा आन्तरिक रुपमा गरेको प्रारम्भिक विश्लेषणलाई पुष्टि गर्नुको साथै नेपाल जनसंख्याको परिवर्तनका संवेदनशील आयामहरु, नेपाली समाजको उमेर वृद्धिको गति, नेपालले जनसांख्यिक लाभांश लिन सम्भव अवसरको अनुमानित समयावधिको अध्यावधिक र विधिवत निकालिएको आंकलन गर्नु हो। यसो गर्दा यस अध्ययनले जनसांख्यिक परिवर्तन र प्रकृयाहरुको विश्लेषणको बढ्दो माग संबोधन गर्नुका साथै नेपाल तथा विस्तृत नागरिक समाजको विकासका बहसमा सहभागी हुने उद्देश्य राख्छ।

## परिणाम

गत तीन दशकमा नेपालले निकै द्रुत गतिमा जनसांख्यिक परिवर्तनहरुको अनुभव गरेको छ, खास गरि प्रजनन र घट्दो मृत्युदर, र साथ-साथै जनसंख्या वृद्धिदरमा घट्दो क्रम। यसको फलस्वरुप जनसंख्याको उमेर संरचनामा उल्लेखनिय परिवर्तनहरु भएका छन् (आंकडा १)। नेपालको विकासका लक्षहरु हासिल गर्नमा यी परिवर्तनहरुको निस्सन्देह रुपमा उल्लेखनीय योगदान रहेतापनि यिनीहरुले निम्नलिखित बिभिन्न स्वरुपका अद्वितिय चुनौतीहरु खडा गर्छन्।


## बढ्दो उमेरबाट वृद्ध हुंदै गरेको समाज

समाजको उमेर वृद्धिको गति मापन गर्ने सामान्यतया प्रयोग गरिने एउटा मानक, ओजुम्नी (२०१३) र अन्यले पनि प्रयोगमा ल्याएका थिए जसमा ६५ वर्षको उमेर भएको जनसंख्याको समूह सम्पूर्ण जनसंख्याको ७ प्रतिशत (ढल्दो उमेरको समाज) बाट सम्पूर्ण जनसंख्याको १४ प्रतिशत (वृद्ध समाज) मा कहिले परिणत हुन्छ भन्ने अनुपातको आधारमा कुनै जनसंख्यालाइ "ढल्दो उमेर" बाट "वृद्ध" मा परिवर्तन हुन लाग्ने समयको अनुमान गरिन्छ। यस व्याख्याको आधारमा नेपालको जनसंख्या "ढल्दो उमेरको समाज" बाट "वृद्ध समाज" मा संक्रमणहुने समय तालिका-२ मा दिइएको छ। अद्यावधिक प्रक्षेपणका आधारमा नेपाल सन् २०२८ मा (आजबाट मात्र ११ बर्षमा) "ढल्दो उमेरको समाज" बन्नेछ र सन् २०५४ सम्ममा "वृद्ध" समाज बन्नेछ जसका अनुसार यो संक्रमणलाई मात्र २६ वर्ष लाग्नेछ।

एसियाका अन्य देशहरूसँग तुलना गर्दा, नेपालको ढल्दो-उमेर बाट वृद्धमा संक्रमण हुन लाग्ने आशातीत समय २६ वर्ष प्रक्षेपण गरिएको छ। यो संक्रमणको अवधि जापानको संक्रमणकालसंग मिल्दो-जुल्दो छ जसलाई १९७० देखि १९९४ (२४ वर्ष) लागेको थियो। उमेर संक्रमणको तुलनात्मक प्रक्षेपित अवधि भएका धेरैजसो पुर्वी र केहि दक्षिण-पुर्वी एसियाली देशहरु अहिले संक्रमणकालमा गैसकेका छन (तालिका-२)। तर उनीहरु जनसांख्यिक संक्रमण आफ्नो विकासको उन्नत चरणमा पुगेर गरेका छन्।

नेपालको जनसंख्या द्रुत गतिमा वृद्ध हुनु अपेक्षित भएसंगै कामकाजी उमेरका वयस्कहरुको आश्रयमा रहनुपर्ने वृद्धहरुको संख्यापनि वृद्धि हुदै जानेछ। यो तथ्यांकलाई "सम्भावित आश्रयको अनुपात"को रुपमा प्रस्तुत गर्न सकिन्छ, जुन हरेक ६५ बर्ष व्यक्तिका लागि १५-६४ वर्ष उमेरका व्यक्तिहरुको अनुपात हो। रेखा-चित्र ३ ले नेपालको लागि सन् १९८० देखि सन् २१०० सम्मको सम्भावित आश्रयको अनुपात देखाउंछ, जुनबेला जनसंख्या तुलनात्मक रुपमा तन्नेरी थियो, र ११.६ कामकाजी वयस्कमाथि एक वृद्ध आश्रित थिए। सन् २०१५ सम्ममा यो आंकडा झरेर एक वृद्ध ११.६ कामकाजी उमेरका वयस्कमाथि

रेखाचित्र 2- नेपालको जनसंख्या ६५ वर्ष र त्यो भन्दा माथि, १९५०-२१००



**तालिका २- उमेर ढल्दो उमेरबाट वृद्ध भएको समाज, देशहरुवीच तुलना**

| | Year | | |
|---|---|---|---|
| | 7% | 14% | Length |
| Vietnam | 2016 | 2034 | 18 |
| South Korea | 1999 | 2017 | 18 |
| Singapore | 1998 | 2018 | 20 |
| China | 2002 | 2024 | 22 |
| Thailand | 2002 | 2022 | 20 |
| Taiwan | 1994 | 2017 | 23 |
| Japan | 1970 | 1994 | 24 |
| Malaysia | 2020 | 2044 | 24 |
| Indonesia | 2027 | 2053 | 26 |
| Nepal | 2028 | 2054 | 26 |
| Hong Kong | 1983 | 2012 | 29 |
| Philippines | 2031 | 2071 | 40 |


आश्रित भएको हुनपुग्यो, जुन ३५ वर्षमा ३३ प्रतिशतले झरेको थियो। यो अनुपात अझै द्रुत गतिमा झर्ने अनुमान गरिएको छ। सन् २०५० सम्ममा एक वृद्धलाई, मात्र ५.६ कामकाजी उमेरका वयस्कहरुले आश्रय दिनेछन भनेर प्रक्षेपण गरिएको छ, जुन आउने ३३ वर्षमा अहिलेको अनुपातभन्दा आधाले घट्नु हो। सबैभन्दा आश्चर्यजनक रुपमा, सन् २०६० र सन् २१०० सम्ममा यो अनुपात घटेर क्रमश: ३.८ र १.६ हुने प्रक्षेपण गरिएको छ जुन आजको मात्र क्रमश: मात्र ४३ वर्ष र ८३ वर्ष भित्र हो र तुलनात्मक रुपमा क्रमश: एक-तिहाई र दशौं अनुपात हो।

## जनसांख्यिक अवसर


द्रुत गतिमा वृद्ध हुदै जाने प्रक्षेपण गरिएतापनि देशको जनसांख्यिक उमेरको संरचनाको प्रक्षेपणले आंउदा कैयौं वर्षहरुसम्म नेपाल तुलनात्मक रुपमा तन्नेरीहरुको देश रहने जनाउंछ। देश जनसांख्यिक संक्रमणबाट गुज्रिदै गर्दा उमेरको संरचनामा हुने परिवर्तनका कारणले आश्रित बाल-बालिका र वृद्धहरुको तुलनामा कामकाजी उमेरको जनसंख्यामापनि वृद्धि हुन्छ। यस्तो अनुकुल जनसांख्यिक परिस्थितीको परिणाम स्वरुप जनसांख्यिक लाभांश प्राप्त हुने संभावना हुन्छ जुन तीव्र गतिको आर्थिक वृद्धि हो। थप महत्वपूर्ण रुपमा, जनसांख्यिक परिवर्तनहरु गतिशील हुने हुनाले कुनै देशले जनसांख्यिक लाभांश लिनसक्ने समयावधि सिमित हुन्छ। हरेक बर्ष धट्दो जन्मदरसंगै आश्रय अनुपातमा परिवर्तन हुन्छ किनभने देशको आश्रित जनसंख्या (१४ बर्षभन्दा मुनि र ६५ बर्षभन्दा माथिका) कामगर्ने उमेरको जनसंख्या (१५ देखि ६४ बर्ष) को तुलनामा घट्दै जान्छ। जब देशमा आश्रय चाहिने थोरै जनसंख्या हुन्छ त्यतिबेला यदि जवान जनसंख्याको आवश्यकताहरुलाई प्राथमिकता दिन सकियो भने त्यहां तीव्र आर्थिक विकाशकोलागि अवसर उपलब्ध हुन्छ। जनसांख्यिक अनुमानहरुले जनाए अनुसार नेपालको लागि यो अवसरको समयावधि सिमित छ।

नेपालको जनसांख्यिक अवसरको अवधिलाई सही रूपमा निर्क्योल गर्नका लागी हामीले समग्र रूपमा जनसांख्यिक वृद्धि, काम गर्न सक्षम उमेर समूहको जनसंख्या र आश्रित जनसंख्यालाइ ध्यानमा राखेका छौं। सन् १९७५ देखी सन् २०७५ सम्मका लागी यी उपसमुहका वृद्धिदरको संख्या रेखाचित्र ४ मा प्रस्तुत गरिएको छ। जब काम-काजी उमेर समूहको जनसंख्या (उमेर १५– ६४) को वृद्धिदर समग्र जनसंख्याको वृद्धिदर भन्दा धेरै हुन्छ, त्यहाँ जनसांख्यिक लाभांशको लागी अवसरको सिर्जना हुन्छ। रेखाचित्र ४ मा देखाइएजस्तै, नेपालका

**रेखाचित्र ३- नेपालको सम्भावित आश्रयको अनुपात: १९८०-२१००**




**रेखाचित्र ४- जनसांख्यिक अवसर**




लागी जनसांख्यिक अवसरको थालनी सन् १९९२ मा सुरु भयो जब कामकाजी उमेर समुहको जनसंख्याको वृद्धीदरले समग्र जनसंख्याको वृद्धीदरलाइ पहिलोपल्ट उछिन्यो। सन् २०४७मा काम गर्ने उमेर समुहको जनसंख्या सन् १९९२ पछि पहिलोपटक समग्र जनसंख्याको वृद्धीदरभन्दा निकै घट्ने अनुमान गरिएको छ। त्यसैले, ५५ वर्षको अवधिका लागी भने नेपालको काम गर्ने उमेर समुहको जनसंख्या आश्रित जनसंख्या भन्दा छिटो बढ्नेछ। यो मनन् गर्नु जरूरी छ कि, यो गणनाको अनुसार, आश्रित समुह भन्दा काम गर्न सक्ने उमेर समुहका जनसंख्याको वृद्धिदर बढी हुने अवधिको २५ वर्ष नेपालले बिताइसकेको छ र यो अवधि अरू ३० वर्ष सम्म चल्नेछ। अर्को शब्दमा भन्नुपर्दा, नेपालले आफ्नो जनसांख्यिक लाभांशको अवसरको फाइदा लिने अवधिको ४५ प्रतिशत समय गुमाइसकेको छ।

नेपालको जनसांख्यिक अवसरको समयावधि पूर्वी एशियाका छिमेकी राष्ट्रहरूले भोगेको समयावधि भन्दा धेरै फरक छैन। नेपालको र पूर्वी एशियाका छिमेकी राष्ट्रहरूले भोगेको जनसांख्यिक अवसरको समयावधिको तुलना रेखाचित्र ५ मा देखाइएको छ। नेपालको पचपन्न वर्ष जनसांख्यिक अवसरको समयावधि इन्डोनेशिया, मलेशिया र ताइवानको जस्तै छ, यी मध्ये केहीले जनसांख्यिक अवसरको अनुभव गरिसकेका छन् भने केही अनुभव गर्ने क्रममा छन् । तर फरक के छ भने यी देशहरूले यी जनसांख्यिक परिवर्तनहरू विकासको उन्नत चरणमा भोग्न पाएका छन्।


## नीतिगत प्रभावहरु

*"शैक्षिक प्रणालीको सुधार, महिलाहरू को अवस्थामा सुधार र बाल मृत्युदरको न्यूनीकरण जस्ता उपायहरू आफैमा वाञ्छनीय नीतिगत उपायहरू हुन्। साँच्चै नै, जन्मदर घटाउनुमा यी उपायहरूका संभावित भूमिकालाइ आधार नमानिकनै पनि धैरैजसो सरकारहरू यी सामाजिक रूपमा वाञ्छनीय उद्देश्य प्राप्तिका लागी कोसिस गरिरहेकै हुन्छन्। जनसांख्यिक लाभांशले यी सामाजिक नीतिहरूलाइ घनिभूत बनाउनुपर्ने ध्येयलाइ बल पुर्याउँछ।"*

- जोन बंगार्टस् (साइन्स १९९४)

जनसंख्याले मात्र कुनै देशको भाग्य निर्धारण गर्दैन तर पनि जनसांख्यिक प्रवृतीले नीतिगत विकल्पहरूलाई नियाल्नका लागि उपयोगी दृष्टिकोण दिन्छ। नेपालमा पछिल्ला तीन दशकमा जन्मदर र मृत्युदर तीब्ररूपमा घटेका छन् जसका कारण श्रमशक्तिमा आश्रित हुनेको संख्या अनुकुल रूपमा घटेको छ र जनसांख्यिक लाभांशबाट निश्चित समयावधिमा फाइदा लिन सकिने सम्भावनाको सिर्जना भएको छ। भविष्यको श्रमशक्तिलाई मजबुत बनाउनका लागी आज तत्काल गरिने लगानीले नै जनसांख्यिक लाभांशको फल प्राप्त गर्न सकिन्छ। पूर्वी एसियाका उच्च विकसित अर्थ व्यवस्था भएका देशका अनुभवहरूले पनि जीवनका प्रारम्भिक वर्षहरूमा गरिने लगानी र महिलाहरूका लागी अवसर सिर्जना गर्नमा समयमै गरिएको लगानी महत्वपूर्ण हुन्छ भन्ने कुरा सुझाउँछन् ।

**रेखाचित्र ५- अवसरको समयावधिको तुलनात्मक लम्बाइ**




जब बढी भन्दा बढी बच्चाहरू जीवित रहन थाल्छन् , बाबु-आमाहरूले पनि कम बच्चा पाउँछन् र भएका बच्चाहरूको स्वाश्थ्य र शिक्षामा लगानी गर्न प्रेरित हुन्छन्। यी लगानीहरूले भविष्यको श्रमशक्तिको उचित उत्पादनशीलता सुनिश्चित गर्छन् । बढी उत्पादनशिल श्रमशक्तिले भविष्यका लागी बचत गर्नसक्छ र वृद्ध जनसंख्यालाइ अलि बढी आत्मनिर्भर बनाइ परनिर्भरताको भार घटाउन सक्छ।

## प्रारम्भिक बाल विकासमा लगानी

सौभाग्यवश, आज हामीसँग प्रमाणहरू छन् कि हामीसँग आशा लाग्दा तर आजसम्म अनुसन्धान नगरिएका क्षेत्रहरू (लागत प्रभावकारी लगानीका हिसाबले) छन् जसले हामीलाई कसरी उत्पादनशील भावी पुस्ताको निर्माण गर्ने भन्ने बारे अन्वेषण गर्न सघाउँछन्। जीवनमा लगानी गर्ने उपयुक्त समयको सवालमा बाल्यावस्था भन्दा ठूलो लागत प्रभावकारी समय अरू कुनै हुने सक्दैन। नेपालमै पनि यसबारे एक सान्दर्भिक उदाहरण छ — सन् २००९/१० मा नेपालमा बालबालिकाका लागी अनुदानको कार्यक्रमको सुरुवात गरिएको थियो जसको उद्देश्य पाँच वर्ष मुनिका बालबालिकाको पोषणको अवस्थामा सुधार गर्नु थियो। उक्त कार्यक्रमका प्रारम्भिक प्रमाण अनुसार अनुदान प्राप्त गर्ने जनसंख्यामा जन्मदर्ता गर्ने प्रवृती उल्लेख्यरूपमा वृद्धि भएको र घर-धुरीहरूले अनुदानको रकमलाई खाना, लत्ताकपडा र अन्य आधारभूत आवश्यकतामा प्रयोग गर्ने गरेको पाइयो।

## शैक्षिक लाभांशको रूपमा जनसांख्यिक लाभांश

विश्वव्यापीरूपमा विकसित भइरहेका/जुटिरहेका प्रमाणहरूले देखाउँछन् कि कुनैपनि मानिसको या देशको आर्थिक उपलब्धि जीवनका पछिल्ला दिनमा मात्र नभइ प्रारम्भिक बाल्यावस्थाको चरणमा प्राप्त हुने शिक्षासँग जोडिएको हुन्छ। अहिले, पहिला भन्दा अझ धेरै आर्थिक विकासका लागी प्रारम्भिक शिक्षामा लगानी महत्वपूर्ण हुन्छ किनभने शिक्षाले प्रविधिको शीघ्र उपयोगको सुनिश्चितता गर्छ।

## जरुरी र समय-सापेक्ष नीति

अन्त्यमा, यी लगानीहरू जरुरी र समय सापेक्ष छन् भन्ने कुराहरूलाई महत्वकासाथ दर्शाउनु जरुरी छ। जापानको अनुभवजस्तै नेपालमा पनि जनसांख्यिक लाभांशको 'विशेष अवसर'को अवधि छोटो छ।

- नेपालमा उमेर ढल्किने क्रम तिव्ररूपमा बढ्दैजाँदा नेपालको जनसांख्यिक लाभांशको 'विशेष अवसर' पनि छिटै नै बन्द हुनेछ। यी जनसांख्यिक प्रवृतीहरू अपरिहार्य नै हुन् । आजको नेपालको सन्दर्भमा हामीले आफ्ना सामाजिक सुरक्षा प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिरहेका वृद्ध जनसंख्या बढी भएका देशहरूको अनुभवबाट सिक्दै यस्तो खालको वृद्ध-अवश्थालाइ टेवा दिने प्रणालीको विकास गर्नुपर्छ जसले आजका बालबालिकामा गर्नुपर्ने लगानीको महत्वलाईपनि आत्मसात् गरेको होस् ।
- आजका वयस्कहरूमा आश्रीत वृद्ध जनसंख्याको तुलनामा आजका बालबालिका र भोलिका सन्ततीले उलेख्य मात्रामा धेरै आश्रीत वृद्ध जनसंख्याको हेरचाह र भरथेग गर्नुपर्ने हुन्छ।
- जनसांख्यिक लाभांशको प्राप्तिका लागी नेपालले बालबालिकामा आजका दिनमा लगानी गर्नुपर्छ। जनसांख्यिक अवसरको फाइदा उठाउने समय हामीसँग सिमित छ। सन् १९९२ देखी सुरू भएको यस जनसांख्यिक अवसरको समयावधि २०१७ मा आइपुग्दा आधा हुन लागिसकेको छ र यो अवसरको अवधि सन् २०४७ मा बन्द हुनेछ। उपयूक्त लगानीको अभावमा अब आउने ३० वर्षमा यो अवसरको ढोका बन्द हुन थाल्नेछ।
- नेपालको अर्थब्यवश्था तुलनात्मक रूपले विकासको प्रारम्भिक चरणमै भएपनि जन्मदर र मृत्युदरका हिसाबले नेपालको जनसांख्यिक संक्रमणकालले प्रगति गरेको मान्नुपर्छ। नेपालमा बिवाह गर्ने र पहिलो बच्चा जन्माउने उमेर समग्ररूपमा निकै छिटै भएको परिप्रेक्ष्यमा नेपालको जनसांख्यिक संक्रमणकालको सुरूवात भएको हो, जसका कारण नेपालमा नयाँ खालको अवसर पनि छ। ढिलो विवाह गर्ने र ढिलो बच्चा जन्माउने प्रवृतीलाइ प्रोत्साहन गर्नेखालका नीतिहरूमा लगानी गरेर नेपालको जनसांख्यिक अवसरको अवधिलाइ लम्ब्याउन सकिन्छ।

## सन्दर्भ स्रोतहरु

Bongaarts, John. 1994. "Population policy options in the developing world," *Science* 263(5148): 771–776

Oizumi, K. 2013. *Ageing in Asia: When the Structure of Prosperity Changes*. Tokyo, Japan: Oriental Life Insurance Cultural Development Center. http://www.olis.or.jp/pdf/ Aging_in_Asia.pdf

सर्वाधिकार २०१७

नेपाल सरकार
राष्ट्रिय योजना आयोग

unicef
for every child

संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ)
पोष्ट बक्स ११८७
युएन हाउस, पुल्चोक,
काठमान्डौ, नेपाल
फोन: ९७७-१-५५२३२००
ईमेल: kathmandu@unicef.org
वेबसाइट: www.unicef.org/nepal

प्रकाशक
नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमान्डौ
फोन: ९७७-०१४२११३६
फ्याक्स: ९७७-०१४२११७००
ईमेल: npc@npc.gov.np
वेब: www.npc.gov.np

**तयार गर्ने:**
साजेदा आमिन, आशिष बज्राचार्य, जन बङ्गाईस, मिसेल चाउ, एन्ड्रिया जे. मेल्निकास
पपुलेशन काउन्सिल